प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-२६ ● २०८० पौष २३ गते सोमबार, ● 08 Jan., 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

### धार्मिक र साहसिक पर्यटनको गन्तव्य

# आग्राको सप्तकन्या गुफा

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ८ मा रहेको सप्तकन्या गुफा धार्मिकको साथै 'एड्भेन्चर' (साहसिक) पर्यटकीय क्षेत्रको रूपमा परिचय स्थापित गर्न थालेको छ । करिब ४ सय मीटर लामो अनुमान गरिएको सप्तकन्या गुफा उत्तिकै फराकिलो रहेको छ । खानीखोलाबाट छङ्छङ झरिरहेको झरनाले गुफाको मुखैमा स्वागत गरिरहेको दृश्य देख्ने वित्तिकै जो कोहीलाई पनि गुफा घुमौं-घुमौं लाग्ने गरी मोहित तुल्याउँछ ।

सप्तकन्या गुफाभन्दा माथिल्लो क्षेत्रमा पार्क निर्माण गरिएको छ । यहि पार्क हुँदै गफामा जाने बाटो रहेको छ । थाहा नगरपालिका र वडा कार्यालयको समेत सक्रियतामा निर्माण थालिएको पार्कमा स्थानीयहरूले सघाएका छन् । पिकनिक खानको लागि ट्रष्टहरू बनाइएको छ । नजिकै कन्चन खोला भएकोले पिकनिकमा रमाउनेहरूका लागि सप्तकन्या छेवैको पार्कमा पानीको अभाव नै छैन । स्थानीयहरू पिकनिकको साथै पुजाआजा गर्नको लागि सप्तकन्या मन्दिर पुग्छन् । वैशाख पूर्णिमा, नौरथा लगायतका पर्वहरूमा सप्तकन्या मन्दिरमा मेला नै लाग्छ । 'वन बुढा, वन बुढी' सप्तकन्या संगै रहेको अर्को देवस्थल हो । यहाँ पनि गाउँलेहरू दर्शन गर्छन् र पुजा चलाउँछन् ।

तर, गुफा भित्र भने मन्दिर छैन । विभिन्न आकृतिहरू देखिने भएकोले गुफा भित्र पस्नेहरू 'रक्षा गर्नूहोस् भगवान' भन्दै ढोग्छन् । गुफाको माथ्लपट्टी नै मन्दिर भएकोले पनि गुफा भित्र देखिएका आकृतिलाई स्थानीयहरू भगवान नै ठान्छन् । हिउँद बर्खा नै बगिरहने



खानीखोला र नजिकै मन्दिर र पार्क भएकोले सप्तकन्यामा क्यालेण्डरमै तोकेर मेला चलाउने सोचमा स्थानीय शंकर अर्याल छन् । वडाका जनप्रतिनीधिहरू र गाउँलेहरू मिलेर सप्तकन्या क्षेत्रमा पर्यटक भित्र्याउन सके आफ्नो क्षेत्रको प्रचार हुने अर्यालको विश्वास छ ।

खानीखोला छेवैमा रहेको सप्तकन्या गुफासम्म पुग्ने बाटो समेत निर्माण भएकाले स्थानीय आन्तरिक पर्यटकहरू घुम्न जान थालेका छन् । डाँडाबास-दामगाडे-मोरिया-धादिङ सडक खण्डबाट लामचौर नजिकैको सहायक सडकबाट गुम्बा पुग्न सकिने वडा अध्यक्ष हेम कुमार लामाले जानकारी दिए । ८ नम्बर वडा कार्यालय नजिकैको स्वास्थ्य चौकीको बाटोबाट झोलुङ्गे पुलबाट पनि पैदल हिँडेर गुफासम्म पुग्न सकिने अध्यक्ष लामाले बताए । गुफासम्म पर्यटक पुऱ्याउनको लागि वडा कार्यालयले प्रचारात्मकको साथै प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिरहेको उनको भनाइ छ ।

सप्तकन्या गुफा तथा पार्कका लागि हालसम्म २० लाख रूपियाँ लगानी भएको वडाध्यक्ष लामाले जानकारी दिए । आर्थिक वर्ष २०७९/०८० मा २ लाख र चालु आर्थिक वर्षमा १० लाख रूपियाँको काम भैरहेको उनको भनाइ छ ।

### हेटौंडामा 'थाहा पर्यटकीय फोटो प्रदर्शनी'

# नौ हजार बढिले गरे अवलोकन

विकास संवाददाता
थाहानगर


मकवानपुरको थाहा नगरपालिकाको पर्यटन प्रवर्द्धनका लागि आयोजित फोटो प्रदर्शनीमा उत्साहजनक सहभागिता देखिएको छ । बागमती प्रदेशको राजधानी हेटौंडामा यहि २० र २१ पौषमा आयोजित 'थाहा पर्यटकीय फोटो प्रदर्शनी' मा ९ हजार बढिले अवलोकन गरेको थाहा फोटो प्रदर्शनीका संयोजन गर्ने फरक सोच अभियानका अध्यक्ष यादवजंग र ायमाझीले जानकारी दिए । संयोजक र ायमाझीले भने-'आफ्नै जिल्लामा समेत फोटो प्रदर्शनीमा अवलोकनकर्ताहरू चासो निकै उत्साहजनक देखिनू थाहाको पर्यटन प्रवर्द्धनका लागि खुशीको कुरा हो ।'

हेटौंडाको मुख्य बजारमा प्रदर्शनीमा राखिएको फोटोहरू मकवानपुर जिल्लाका पालिकाहरूका नागरिकका साथै काठमाण्डौ, धादिङ, चितवन, विरगञ्जका व्यक्तिहरूले समेत अवलोकन गरेका थिए । हेटौंडामा विभिन्न कामको शिलशिलामा आएका उनीहरूले फोटो प्रदर्शनी समेत अवलोकन गर्दा खुशी व्यक्त गरे । उनीहरूले घुमफिरमा चासो हुनेहरूका लागि थाहानगर राम्रो क्षेत्र भएको फोटो प्रदर्शनी पश्चात् प्रतिक्रिया दिएका थिए । बागमती प्रदेशकी सामाजिक विकास मन्त्री कुमारी मोक्तानले थाहानगर प्राकृतिक छाँटाले भरिपूर्ण हुँदाहुँदै कतिपय क्षेत्रको प्रचारप्रसारमा कमी हुन गएका कुराहरूलाई फोटो प्रदर्शनीले सहयोग मिलेको बताइन् । प्रदर्शनमि राखिएको फोटोहरू अवलोकन पश्चात् मन्त्री



मोक्तानले पर्यटककलाई आकर्षण गर्न थाहा नगरपालिकाको आयोजनामा अरू विभिन्न संस्थाले गरेको संयोजन र सहकार्यको प्रशंसा गर्दै लुकेर बसेका सौन्दर्यतापूर्ण फोटो कैद गर्ने फोटोग्राफरहरूलाई धन्यवाद दिइन् ।

बागमती प्रदेशका पूर्व मुख्यमन्त्री डोरमणी पौडेलले फोटो प्रदर्शनीले साँस्कृतिक, प्राकृतिक र विभिन्न ऐतिहासिक सम्पदाको संरक्षणमा सघाउ पुग्ने प्रतिक्रिया दिए । स्थानीय तहको यस किसिमको अग्रसरताप्रति खुशी व्यक्त गरे । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, पूर्व समन्वय प्रमुख रघुनाथ खुलालगायतले पनि फोटो प्रदर्शनीबाट पर्यटक भित्र्याउन सहयोग मिलने बताए । हेटौंडा उपमहानगरपालिकाकी नगर प्रमुख समना कुमारी लामाले पर्यटन प्रवर्द्धनका लागि एक अर्को पालिकाबीचको सहकार्य गरेर अघि बढ्ने बताइन् । मकवानपुर जिल्ला नै पर्यटकीय जिल्ला भएको बताउँदै थाहानगरले थालेको अभियान सह्रानीय भएको उल्लेख गरिन् । पालिकाहरूबीच भगिनी सम्बन्ध कायम गर्दै पर्यटन प्रर्द्धनका लागि एकजुट हुन आवश्यक रहेको बताउँदै सबै पालिकाहरूसंग हेटौंडा सहकार्य गर्न तयार रहेको बताइन् । लामाले हेटौंडामा भएको थाहा फोटो प्रर्दशनीले थाहामा पर्यटकहरूको संख्यामा बृद्धि गर्नेमा आफु विश्वस्त रहेको बताईन् । यसखाले प्रर्दशनीले नेपाली पर्यटन क्षेत्रलाई प्रचारप्रसार गर्न सहयोग गर्ने उनको भनाई रहेको थियो । फोटो प्रदर्शनीको दोस्रो तथा अन्तिम दिनमा थाहा नगरपालिकाका नगर उपप्रमुख भरत गोपाली, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोतम ढकाल, वरिष्ठ उपाध्यक्ष शम्भूसिं कार्की तथा पदाअधिकारीहरू, थाहा होटल एशोसिएशनका अध्यक्ष शिवकुमार खत्रीलगायतकाको विशेष उपस्थिती रहेको थियो । प्रदर्शनीमा राखिएका फोटोहरूको विषयमा थाहानगरका विभिन्न व्यक्तित्वहरूले अवलोकनकर्ताहरूलाई प्रष्ट पारेका थिए ।






प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
www.bikaskhabar.com
bikaskhabar@gmail.com

# • सम्पादकीय •

## घोषणामा सीमित नहोस् 'बागमती भ्रमण वर्ष'

बागमती प्रदेश सरकारले घोषणा गरेको 'भ्रमण वर्ष २०२४' गत १६ पुसदेखि सुरु भएको छ । महत्वपूर्ण रुपमा भ्रमण वर्षको शुभारम्भ गर्नुबाट यसप्रति सरकारको गम्भीरपना देखिन्छ । यो कार्यक्रममा सम्पूर्ण नेपालीले अपनत्व अनुभूत गर्ने भए भने नै बागमती प्रदेशमा रहेको पर्यटकीय गन्तव्यहरुको प्रचार हुनसक्छ । हरेक नेपालीले पर्यटक भित्र्याउन आआफ्नो ठाउँबाट कसरत गर्छ । केवल सरकारी कार्यक्रम र सीमित व्यवसायीको फाइदाका लागि हो भन्ने सन्देश गयो भने भ्रमण वर्ष उपलब्धिमूलक हुन सक्दैन । भ्रमण वर्ष नै घोषणा गरेर जुन ढंगले पर्यटनलाई महत्व दिइएको छ । त्यसका लागि आवश्यक पूर्वाधार र वातावरणको प्रमुख दायित्व सरकारको त हुँदै हो, निजी क्षेत्रको पनि उत्तिकै हो । र, सर्वसाधारण नेपाली पनि यो दायित्वबाट पर छैनन् । बाटोमा हिंडिरहेको पर्यटकसँग मुस्कुराएर बोल्ने नेपाली शैलीबाटै नेपालको ठूलो प्रचार विदेशमा भएको छ । नेपालीहरु मिजासिला छन्, फरासिला छन् र अतिथि सत्कार मनैदेखि गर्छन् भनेर यहाँ आएका पर्यटकले भनेकै कारण यहाँको पर्यटन अहिलेसम्म यहाँ आइपुगेको हो । तर विस्तारै पर्यटन व्यावसायिकभन्दा व्यापारिक हुन थाल्दा कमीकमजोरी देखिएका छन् । ती सच्च्याउनुपर्छ ।

पर्यटनका लागि हामीसँग प्रकृतिको कमी छैन । पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक कुनै पनि चिजको कमी छैन । कमी छ त केवल प्रचार र व्यवस्थापनको । अपार सम्भावनाको क्षेत्रलाई उपयोग गर्न नसक्नु राज्यको ठूलो कमजोरी हो । भ्रमण वर्षको लक्ष्य व्यापक मात्रामा बागमती प्रदेशमा पर्यटकी भित्र्याउने रहेको छ । यो लक्ष्य पूरा त गर्नैपर्छ । तर त्यतिलेमात्रै पुग्दैन । बागमती प्रदेशका पर्यटकीय क्षेत्र घुम्न आएका पर्यटकहरुले फर्केर जाँदा राम्रा कुराहरु आफ्नो देश तथा ठाउँमा लगेर जाउन्, नेपाललाई सँधै सम्भिmरहुने किसिमको हुनुपर्दछ । फेरि आफू पनि आउन् र अरुलाई पनि आउनलाइ प्रेरित गरुन् भन्ने कुरामा सबैको ध्यान जानू आवश्यक छ । र, सोही बमोजिम पर्यटकको मनमा छाप पार्ने गरी अतिथि देवोः भवः भन्ने हाम्रो मूल मन्त्रलाई व्यवहारमा उतार्न सक्नुपर्दछ । यति कुरा ख्याल गरेर काम भयो भनेमात्रै हाम्रो पर्यटन दिगो पर्यटन हुनसक्छ । दिगो पर्यटनले मात्रै नेपालीलाई सुखी बनाउन सक्छ, नेपाललाई समृद्ध बनाउन सक्छ । तसर्थ सबैले आआफ्नो ठाउँबाट कर्तव्य पूरा गरी बागमती प्रदेश सरकारले घोषणा गरेको पर्यटन वर्ष, २०२४ 'लाई सफल पार्न सकिन्छ ।

बागमती प्रदेश सरकारले प्रदेश राजधानी हेटौंडामा पत्रकार सम्मेलन गर्दै दुई मिनेटको पर्यटकीय क्षेत्र समेटेर निर्मित भिडिओ सार्वजनिक गरेर घोषणा गरिएको भ्रमण वर्षको तयारी नै फितलो देखिएको छ । न कुनै प्रचार, न लोगो, न प्रचार सामाग्री, न त कुनै पर्यटकीय क्षेत्रसँगको समन्वय । भद्रगोल अवस्थामै घोषित भ्रमण वर्षमा कति पर्यटक बागमतीमा आउलान् ? एकीन गर्न नसकेको प्रदेश सरकारको योजना घोषणाको सुरुमै अलपत्र पर्ने छाँट देखिएको छ । तयारीबिना प्रचारका लागि गरिएको घोषणाले बागमती प्रदेश सरकारलाई नै गिज्याइरहेको भान हुन्छ । भ्रमण वर्षका लागि सरकारले झण्डै दुई करोड रुपैयाँ खर्च गर्ने जनाएको छ । तर अहिले बजेट १ करोड रुपैयाँ मात्रै छ। थोरै बजेटले संरचना निर्माण, सुविधा विस्तार र गुणस्तर सुधारमा कति काम गर्न सकिएला? यसको जवाफ सरकारसँग छैन। अर्कोतिर पर्यटनसम्बद्ध नीजि क्षेत्रसँग समन्वय र साझेदारीको खाका सरकारले बनाएको छैन । तसर्थ, लोक रिझ्याँई झै तरिकाले घोषणा गरिएको पर्यटन वर्षलाई सफल पार्न योजनावद्ध रुपमा प्रदेश सरकार अघि सर्नुपर्दछ । पर्यटन वर्ष घोषणामा मात्र सीमित नहोस् ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# पूर्वाधार विकास र सडक यातायात



◆ गम्भीरबहादुर हाडा

आधुनिक विकासवादी अर्थशास्त्रीहरूले मुलुकको सामाजिक, आर्थिक पूर्वाधारहरूको स्थापना, गरिबी निवारण, वातावरणीय पक्षको जगेर्ना, सामाजिक सेवाहरूमा विस्तारजस्ता कुरालाई अल्पविकसित मुलुकहरूका लागि आर्थिक विकासको आधार मानेका छन् । अतः आर्थिक विकास भनेको निरन्तर चलिरहने त्यो प्रक्रिया हो, जसद्वारा विश्वका गरिब मुलुकहरूले गरिबीको कुचक्रलाई तोड्नसक्ने र तिनीहरूको आफ्नो आम्दानीमा अभिवृद्धि हुनसक्ने, उत्पादनमा अभिवृद्धि हुनसक्ने, नयाँनयाँ रोजगारीका अवसरहरू प्राप्त हुनसक्ने र उच्चतम् जीवन व्यतित गर्नसक्ने अवस्था सिर्जना हुन्छ । सन् १९९० मा यूएनडीपीद्वारा आर्थिक विकासलाई मानवीय विकास सूचकलाई आधार बनाएर विशेष जोड दिइयो । (क) प्रतिव्यक्ति आम्दानी, (ख) मानवीय आयु र (ग) प्रौढ शिक्षाजस्ता कुराहरूलाई विशेष जोड दिइयो । साधारणतया विकास भन्नाले एउटा यस्तो अवस्थामा पुग्नु वा परिणत हुनु हो, जुन पहिलेको भन्दा उन्नत र समृद्ध हुन्छ । अझै गहिरिएर सोच्ने हो भने विकास भनेको त्यो हो, जसले प्राकृतिक सन्तुलनमा ह्रास आउन नदिई मानव जीवनस्तरमा सुधार ल्याउँदै मानिसको आहार व्यवहार, बसाइ तथा दृष्टिकोणमा परिवर्तन ल्याउँछ ।

पूर्वाधारलाई सामान्यतया दुई भागमा वर्गीकरण गर्न सकिन्छ १, भौतिक पूर्वाधार २, अभौतिक पूर्वाधार । पहिलो प्रकारमा यातायात, ऊर्जा पानी तथा ढल व्यवस्था, फोहोरमैला व्यवस्थापन, भौगर्गिक अनुगमन भवन र सञ्चारप्रणाली पर्छन् भने अभौतिक, नरम पूर्वाधारअन्तर्गत संस्थागत वा सामाजिक मनोरञ्जनात्मक पक्षहरू, शिक्षा संस्कृति, नीति वातावरण पर्छन् । तर, सामान्य बुझाइमा भौतिक पूर्वाधारलाई नै पूर्वाधारका रूपमा लिइने भएकाले भौतिक तथा सामाजिक पूर्वाधारले अत्यावश्यकीय नागरिक सेवा प्रवाह र आर्थिक सामाजिक गतिशीलता प्रवर्द्धन गर्न पूर्वसंरचनाका रूपमा कार्य गर्छ । सबैजसो विकसित मुलुकहरूको विकासको सुरूको चरणमा पूर्वाधारका विकासलाई पहिलो प्रथामिकता क्षेत्रका रूपमा प्रशस्त लगानी गरेकाले नै अहिलेको अवस्थामा पुगेका हुन् ।

प्रजातन्त्र स्थापनाअघि नेपालमा विकासका प्रयासहरू खासै नभएको २००७ सालभन्दा अघि पूर्वाधार क्षेत्रमा खासै प्रगति नहुनु अस्वाभाविक होइन । राणा शासनकालमा राष्ट्रिय विकासका प्रयासहरू भएकै थिएनन् । प्रजातन्त्र स्थापनापश्चात जनताका माग र आवश्यकतालाई सम्बोधन गर्न बजेट तथा योजना प्रणालीको सुरूवात भयो । २०१३ सालमा नेपालले कोलम्बो योजनामा प्रस्तुत गर्नका लागि एउटा अवधारणा प्रस्ताव तयार पारेको थियो । जसले यातायात, विद्युत्, सिँचाइ र कृषिलाई प्रमुख प्रथामिकता दिने सोच राखेको थियो । पछि यस अवधारणालाई पहिलो आवधिक योजना २०१३–२०१८ का रूपमा प्रस्तुत गरियो भने अवधारणाले औंल्याएका चार प्राथमिकता ( यातायात, कृषि, विद्युत् र सिँचाइ) लाई नै पहिलो योजनाको प्रथाकिताका रूपमा अवलम्बन गरियो । पहिलो आवधिक योजनापूर्व सबै प्रकारका गरी केवल १ सय १७ किमी सडक, १ हजार १ सय किलोवाट बिजुली, एउटा विमानस्थल, सीमित रूपमा परम्परागत टेलिफोन र सिँचाइ, औंलामा गन्न सकिने विद्यालय भवनहरू मात्र निर्मित भए । विकसित मुलुकहरूले विकास अभियानका सुरूका दिनमा पूर्वाधार संरचनामा पहिलो प्राथमिकता दिएका थिए । त्यसपछिका योजनामा पूर्वाधारलाई प्राथमिकता दिने क्रमले निरन्तरता पाउँदै गयो ।

यातायातले मानिस र मालसामान एक स्थानबाट अन्य स्थानमा स्थानान्तरण गरी स्थान र समय उपयोगिता बढाउने कार्य गर्छ । यसरी मानिस र मालसामान स्थानान्तरण गरी उत्पादनशील र सेवा क्षेत्रमा ठूलो प्रभाव पारी मानिसको रहनसहन, बानी व्यहोरा, सामाजिक आर्थिक संगठनहरूमा परिवर्तन ल्याउँछ । प्रत्यक्ष वा अप्रत्यक्षचाहिँ जुनसुकै रूपबाट होस्, नेपालको आर्थिक विकासमा यातायातको अत्यन्त महत्वपूर्ण स्थान छ । मुलुकको आर्थिक उन्नति यसमा पनि भर पर्छ । राष्ट्रिय जीवनमा कृषि र उद्योग क्रमैसँग मासु र हाड हुन् भने यातायात रगतको सञ्चालन गर्ने धमनी हो । त्यति मात्र होइन, यातायात आर्थिक उन्नतिको ऐना हो । 'अबगकभ, यातायातका साधनमा विकसित मुलुकहरू मात्र आर्थिक क्षेत्रमा उन्नतिशील छन् । यातायातमा कमजोर मुलुकहरू आर्थिक विकासमा पनि कमजोर नै हुन्छन् । हाम्रो मुलुकमा यातायात प्रणाली कमजोर हुनाले पनि आर्थिक विकास ढिलो भएको हुनसक्छ । अतः आर्थिक प्रगतिको मूल मार्ग नै यातायातको विकास हो ।

कुनै पनि मुलुकको आर्थिक र सामाजिक विकासमा यातायातका साधन महत्वपूर्ण मानिएको छ । मुलुकको सर्वाधिक विकासमा यातायातको महत्वपूर्ण योगदान रहन्छ । यातायातका साधनले विभिन्न स्थानमा रहेका मानिसहरूबीच सम्पर्क बढाउनुका साथै आवश्यक सामानहरू उपलब्ध गराएर आवश्यकताको परिपूर्ति गराउँछ । यातायातको सुविधा भयो भने थोरै सयम र थोरै ढुवानी खर्चमा एक ठाउँबाट अर्को ठाउँमा मालसामान ल्याउन र लैजान सकिन्छ । सडक यातायात नेपालको सबैभन्दा महत्वपूर्ण यातायातको साधन हो ।

भौतिक पूर्वाधारको विकास, प्रतिव्यक्ति आयमा वृद्धि, अन्तर्राष्ट्रिय सहकार्यमा नयाँ आयाम, व्यक्तिको आवश्यकता तथा चाहनामा आएको पविर्तनका साथसाथै सहरी जीवनमा आउने परिवर्तनलाई स्वाभाविक रूपमा लिनुपर्ने हुन्छ । यसै परिप्रेक्ष्यमा राजधानीवासीको जीवनशैलीमा आएको परिवर्तन तथा अवाश्यकताका कारण छिटोछरितो तथा सुरक्षित यात्राको चाहना हुनुलाई अन्यथा लिनु पनि हुँदैन । तर, के यो सहज र सम्भव भइरहेको छ त ? न त यो यक्ष प्रश्नको उत्तर सरोकारवालाहरूसँग, न त अफूले तिरेको करबाट सुविधा प्राप्त गर्नुपर्ने नागरिकहरूले यसलाई अभियानका रूपमा उठाइरहेका छन् । यो मौनता र यथास्थितिवादी मानसिकता नै आजको सार्वजनिक यातायातको पर्याय बनेको छ ।

चौडा सडक, बस रोकिने निर्दिष्ट स्थान, व्यवस्थित सडकपेटी, तालिकाका आधारमा सञ्चालन हुने यातायातका साधन, शिक्षित यात्रु, नगरवासीलाई सार्वजनिक साधनको उपयोग सम्बन्धमा सुसूचित गराउने स्थानीय निकायहरू, समयसापेक्ष यातायातसम्बन्धी नीति तथा नियम बनाउने एवं अनुगमन गर्ने सरकारी संयन्त्रहरू, यात्रु सेवाका लागि यातायात सेवा सञ्चालन गर्न स्वीकृतिप्राप्त बस समिति–कम्पनीहरू व्यवस्थित सार्वजनिक यातायात सञ्चालनका पर्याय हुन् । तर, विडम्बना के छ भने न त व्यवस्थित सडक छन्, न त व्यवस्थित बस बिसौनी नै । जताततै अतिक्रमित सडकपेटी देख्दा पनि सरोकारवालाहरू मौन छन् । कतै व्यवस्थित बसबिसौनी देखिँदैनन् एवं कुन रूटमा कुन बस चल्ने भन्ने तथ्यांक कुनै निकायमा छैन भन्नुमा अतिशयुक्ति नहोला ।

राजधानीमा हाल वास्तवमा बस तथा माइक्रोबस चलिरहेका छैनन्, ती त सबै ट्याक्सीजस्तो गरी सञ्चालन भइरहेका छन् । यात्रुहरू पनि जहाँ पायो, त्यहीँ हात दिएर बस रोक्न इसारा गर्ने र पछाडिका साधनहरूलाई ख्याल नगरी यात्रुहरूले हात दिएको स्थानमै तत्काल सवारीसाधन रोकी यात्रु चढाउने–ओराल्ने हालको परिपाटीले अव्यवस्थित सहरको झल्को मात्र दिएको छैन, यसैका कारण दैनिक दुर्घटनाको संख्यामा वृद्धि हुनुका साथै जनधनको क्षतिसमेत भइरहेको छ । आर्थिक वर्ष २०८–८१ को बजेट वक्तव्यमा उल्लेख गरिएनुसार यस आवमा सूर्यविनायक–धुलिखेल सडकखण्डको विस्तार कार्य अघि बढाउन आवश्यक र कम विनियोजन गरिएको छ । काठमाडौं चक्रपथको कलंकी–बसुन्धरा खण्डको सडक विस्तार तथा निर्माण कार्यलाई तीव्रता दिन २ अर्ब ७ करोड रकम छुट्ट्याइएको छ । राष्ट्रिय राजमार्गमा आवश्यकतानुसार फ्लाइओभर र अन्डर पास निर्माण गरिनुका साथै ललितपुरको ग्वार्कोमा फ्लाइओभर निर्माण कार्य आगामी आवमा सम्पन्न गरिने नीति लिइएको छ । कोटेश्वर, सातदोबाटो र एकान्तकुनामा फ्लाइओभर र अन्डरपास निर्माण कार्य सुरूवात गरिने कार्यक्रम राखिएको छ । टोखा–छहरे सुरूङमार्गको सम्भाव्यता अध्ययनको कार्य सम्पन्न भएको छ । विस्तृत आयोजना प्रतिवेदन र वातावरणीय प्रभाव अध्ययन सम्पन्न गरी निर्माण कार्य अगाडि बढाउन १ अर्ब बजेट विनियोजन गरिएको छ । सिद्धबाबा सुरूङमार्गको निर्माण कार्यलाई तीव्रता दिइने कार्यक्रम राखिएको छ । राष्ट्रिय राजमार्गलाई दुरूस्त राख्न करिब ३ सय ५० किलोमिटर सडकको आवधिक मर्मत र स्तरोन्नति गर्नुका साथै करिब ७ हजार ८ सय किलोमिटर राजमार्गको नियमित मर्मत सम्भार गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ । पूर्व–पश्चिम रेलमार्गको बर्दिबास–निजगढ खण्डको निर्माण कार्यलाई निरन्तरता दिइनुका साथै वीरगन्ज–काठमाडौं रेलमार्ग र रसुवागढी–काठमाडौं रेलमार्गको विस्तृत अध्ययन प्रतिवेदन तयार गरिने कार्यक्रम राखिएको छ ।

आव २०७९–८० मा उल्लेख गरिएनुसार भौतिक पूर्वाधार तथा यातायात विकास

*बाँकी पृष्ठ ३ मा*

## कोठी हटाउन के गर्ने ?

अनुहारको सौन्दर्यलाई लिएर विभिन्न खालको चिन्ताले सताइरहेको हुन्छ । यसमध्ये पनि अनुहारमा आउने अनावश्यक कोठीले धेरै दु:ख दिइरहेको हुन्छ । छालाको दुई तह हुन्छ–एपिडर्मिस र डर्मिस । एपिडर्मिसमा मेलानोसाइट भन्ने कोष हुन्छ, जसले छालामा रंग बनाउने काम गर्छ । मेलानोसाइटबाट मेलानो पिग्मेन्ट छालामा जम्मा भयो भने कोठी बन्छ । कोठी वंशाणुगत र घामको विकिरणका कारण आउने गर्छ ।

### कोठी हटाउन सकिन्छ ?

अनुहारमा वा शरीरको जुनसुकै ठाउँमा आउने तिलकोठीलाई औषधि, लेजर प्रविधि र शल्यक्रियाबाट हटाउन सकिन्छ । तर औषधिले एकदम स–सानो कोठीलाई मात्र हटाउन सकिन्छ । तर ठूलो-ठूलो र छालाको माथि उठेका कोठी भएमा लेजर वा शल्यक्रियाबाट हटाउनुपर्ने हुन्छ । यस्तोमा औषधिले काम गर्दैन । लेजर वा शल्यक्रिया गर्दा खासै साइट–इफेक्ट हुँदैन । कसैकसैलाई सामान्य दुख्ने, घाउबाट रगत आउने, दाग बस्ने इन्फेक्सन हुन सक्छ ।

त्यस्तै कोठी हटाउने कुनै घरेलु उपाय छैन । तर कतैकतै कोठी हटाउन कोठीमा टुथपेस्ट, चुना, एसिड लगाउने चलन छ । यसले कोठी हट्नुको साटो छालामा एलर्जी तथा नकारात्मक असर मात्र गर्छ । त्यसैले यस्तो कार्य पूर्ण रूपमा बन्द गर्नुपर्छ ।

### कति लाग्छ खर्च ?

अस्पताल र क्लिनिक अनुसार यसमा लाग्ने खर्च फरक हुन सक्छ । धेरैजसो लेजर र शल्यक्रिया गर्दा लगभग तीन हजारदेखि २५ हजार सम्म लाग्ने गर्छ । साथै कोठीको साइजमा पनि भर पर्छ । किनकि कुनै कोठी एकचोटी लेजर वा शल्यक्रिया गर्दा निस्किन्छ भने कुनै दुई–तीन पटकसम्म गरेर निकाल्नुपर्ने हुन्छ ।

# यि हुन बालबालिकालाई सिकाउनुपर्ने ५ कुरा

सबै अभिभावक आफ्ना छोराछोरीलाई उपयोगी कुरा सिकाउन चाहन्छन् । उनीहरूको व्यक्तित्व राम्रोसँग विकास गर्न चाहन्छन् ताकि उनीहरूले ठूलो भएपछि सफलता हासिल गर्न सकुन् । जीवनमा सफलता हात पार्न आमाबाबुले छोराछोरीहरूमा नेतृत्व गुणको पनि विकास गर्नुपर्छ । बालबालिकामा नेतृत्व गुण विकास गर्नु भनेको उनीहरूको आत्मविश्वास बढाउनु र व्यक्तिगत, व्यावसायिक स्तरमा उनीहरूको विकासलाई प्रोत्साहन दिनु हो ।

यदि बच्चामा नेतृत्वको गुण छ भने उसले आफ्नो रूचिको क्षेत्रमा उत्कृष्ट काम गर्न सक्छन् । नेतृत्व भनेपछि राजनीति भन्ने एउटा सोच छ समाजमा । तर नेतृत्व राजनीति मात्र होइन, परिवार समाजमा पनि आवश्यक हुन्छ । त्यसैले बच्चालाई नेतृत्व विकास भनेको के हो भन्ने कुरा बुझाउनुपर्छ ।

बच्चाहरूमा शारीरिक, भावनात्मक, बौद्धिक र मानसिक विकास हुने क्रममा नै नेतृत्व गुणको विकास भयो भने उनीहरूले आफ्नो क्षेत्रमा सफलता हात पार्न सक्छन् । बच्चामा नेतृत्व गुण विकास गर्ने सबैभन्दा राम्रो तरिका कुनै कुरा देखाएर नै हो । बच्चासँग कुराकानी गर्दा जिम्मेवारी र सहानुभूति झल्किने गरी प्रभावकारी ढंगले गर्नुपर्छ । कार्य क्षेत्रमा र समाजमा नेतृत्व गरिरहेको अभिभावकबाट बच्चाले पनि धेरै कुरा सिकिरहेको हुन्छ । अभिभावकले गरेको कुरा र कामलाई बच्चाले याद गरिरहेका, पछ्याइरहेका हुन्छन् । अभिभावकको व्यवहारमा नेतृत्व कौशल देखेर बच्चाहरूले पनि यसलाई अपनाउन थाल्छन् ।

बच्चामा नेतृत्व गुण विकास गर्न जति महत्त्वपूर्ण भूमिका अभिभावकको हुन्छ, त्यति नै महत्त्वपूर्ण भूमिका विद्यालयका शिक्षक–शिक्षिकाको पनि हुन्छ । त्यसैले बच्चामा नेतृत्व गुण विकास गर्न शिक्षक र अभिभावकले बच्चालाई मुख्यगरी यी पाँच कुरा सिकाउनुपर्छ ।

### सञ्चार सीप

यो एउटा सीप हो जुन हरेक बालबालिकामा हुनु जरूरी छ । कुराकानी गर्ने गुण अर्थात् सञ्चार सीपले हरेक व्यक्तिलाई जीवनमा अगाडि बढ्न मद्दत गर्न सक्छ । भनिन्छ नि 'बोल्नेको पीठो पनि बिक्छ नबोल्नेको चामल पनि बिक्दैन' । त्यसैले बच्चालाई अरूको अगाडि आफ्नो कुरा खुलेर र स्पष्टसँग राख्न सिकाउनुपर्छ । यदि बालबालिका हुर्किएर मिडिया, राजनीति, मार्केटिङ जस्ता क्षेत्रमा करिअर बनाउन चाहन्छन् भने 'कम्युनिकेसन स्किल' उनीहरूको लागि निकै उपयोगी हुन्छ ।

आजकल सञ्चार सीप सुधार गर्न विभिन्न तालिम लिने चलन छ । तर यदि आमाबाबुले बच्चालाई सानैदेखि सबैसँग कुरा गर्न प्रेरित गरे उनीहरूलाई लाभदायक हुन्छ ।

### हार स्वीकार्न

कठिनाइ र गल्तीहरूप्रति सकारात्मक दृष्टिकोण अपनाउने आमाबाबुका बच्चाले नयाँ कुरा सिक्ने क्षमता राख्छन् । बालबालिका धेरै किसिमका क्रियाकलापमा सहभागी हुन्छन् तर हारेको खण्डमा निराश हुन सक्छन् । हारे पनि प्रयास गर्न छोड्नु हुँदैन । प्रयास गरिरहँदा सफल भइन्छ भन्ने कुरा बच्चालाई सिकाउनुपर्छ । बच्चालाई बुझाउनुपर्छ कि जीवनमा जीत र हार दुवै स्वीकार गर्नुपर्छ । बालबालिकामा हार स्वीकार गर्ने बानीको विकास गरियो भने यो गुण नेतृत्व विकासको लागि सहयोगी हुन्छ ।

### सामाजिक कार्यक्रममा सहभागी हुन

बालबालिकाले सक्रिय रूपमा सामाजिक काममा भाग लिएपछि मात्र बालबालिकामा नेतृत्वको गुण विकास हुन सक्छ । यस्ता गुण विकास गर्न छोराछोरीहरूलाई सामाजिक कार्यक्रमहरूमा भाग लिन प्रेरित गर्नुपर्छ । सामाजिक कार्यक्रममा भाग लिंदा उनीहरूले अरूसँग मिलेर काम गर्न सिक्छन् । यसले पनि उनीहरूको नेतृत्व गुणलाई बढाउँछ ।

### खेलकुदमा सहभागी गराउने

खेलकुद शारीरिक क्रियाकलापका लागि मात्रै होइन, मानसिक स्वास्थ्यलाई पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । खेल वा खेलकुदमा संलग्न बालबालिकाले आफ्नो समस्या आफैं समाधान गर्न सक्छन् । यस्ता बालबालिका प्रायः समस्या समाधानमा केन्द्रित हुन्छन् । जसले उनीहरूमा नेतृत्व गुणको विकास पनि हुन्छ ।

### आत्मविश्वास बढाउन सहयोग गर्ने

बाल्यकालदेखि नै आफ्ना बच्चाको आत्मविश्वास बढाउन सहयोग गर्नुपर्छ । आत्मविश्वास बढाउन बच्चालाई अतिरिक्त क्रियाकलाप, विद्यालय समारोह र सामाजिक कार्यक्रम आदिमा भाग लिन प्रेरित गर्नुपर्छ । यस्ता गतिविधिले बालबालिकाको आत्मविश्वास बढाउँछ । आत्मविश्वास भएका बच्चा अक्सर नयाँ काम गर्न हिच्किचाउँदैनन् । यो नेतृत्वको लागि धेरै महत्त्वपूर्ण गुणमध्ये एक हो ।

## पूर्वाधार विकास.... .. ..

कार्यक्रमअन्तर्गत २०७९ फागुनसम्म १७ हजार ४ सय ८० किलोमिटर कालोपत्रे ७ हजार ९ सय ५६ किलोमिटर ग्राभेल र ८ हजार ६ सय ६४ किलोमिटर कच्ची सडक गरी हालसम्म संघीय सरकारबाट निर्माण भएको सडकको लम्बाइ ३४ हजार १ सय किलोमिटर पुगेको छ । कुल सडकमध्ये ५१ दशमलव ३ प्रतिशत कालोपत्रे २३ दशमलव ३ प्रतिशत ग्राभेल र २५ दशमलव ४ प्रतिशत कच्ची रहेको छ । २०७९ असारसम्मको सडकको कुल लम्बाइ ३३ हजार ९ सय ९६ किलोमिटर रहेको थियो । यस आवको फागुनसम्म थप १ सय ४ किलोमिटर नयाँ सडक निर्माण भएको छ । यस अवधिमा ३ सय १६ किलोमिटर सडक खण्डास्मिथ ग्राभेलस्तरमा, २ सय ४८ किलोमिटर सडक कालोपत्रे स्तरमा स्तरोन्नति भएको छ । साथै, ८ हजार २ सय ५४ किलोमिटर सडकको नियमित तथा पटके मर्मत भएको छ । साथै, २ सय ७८ किलोमिटर सडकको आवधिक मर्मत सम्पन्न भएको छ । यस अवधिमा ७५ पुलको निर्माण सम्पन्न भएको छ । आव २०७९/०८० मा २ सय ८० किलोमिटर नयाँ सडक निर्माण भएको थियो । यस अवधिमा ३ सय ३५ किलोमिटर खण्डास्मिथ सडक स्तरमा स्तरोन्नति र ६ सय १८ किलोमिटर कालोपत्रे सडकको स्तरोन्नति भएको थियो । साथै, ७ हजार ८ सय किलोमिटर सडक नियमित तथा पटके मर्मत सम्पन्न भएको थियो भने २ सय ५० किलोमिटर सडकको आवधिक मर्मत सम्भार भएको थियो । सो अवधिमा २ सय ८२ पुलको निर्माण सम्पन्न भएको थियो ।

निर्माण भएका सडकमध्ये प्रदेश र स्थानीय तहमा रहेका सडकको अंश करिब बराबर रहेको छ । लुम्बिनी प्रदेशमा स्थानीयभन्दा प्रादेशिक सडकको अंश बढी छ भने बाग्मती प्रदेशमा प्रादेशिकभन्दा स्थानीय सडकको अंश अधिक रहेको छ । प्रादेशिक र स्थानीय सडक निर्माण तथा सुधार गरी स्थानीय तहको प्रशसनिक केन्द्रलाई जिल्ला सदरमुकाम, प्रादेशिक सडक सञ्जाल, प्रदेश राजधानी र राष्ट्रिय सडक सञ्जालमा आबद्ध गरी १२ महिना यातायात सञ्चालन गर्न रूपान्तरणकारी आयोजनाका रूपमा प्रादेशिक तथा स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम सञ्चालन गरिएको छ । स्थानीय पूर्वाधार विभागबाट २०७७ असारसम्म ८ हजार ५ सय ५२ झोलुंगेपुल र ५ सय ९१ वटा पक्की पुल निर्माण भएकामा चालू आवको फागुनसम्ममा थप २ सय ६४ वटा झोलुंगेपुल र ५ पक्की पुल निर्माण भई जम्मा ८ हजार ८ सय १६ झोलुंगेपुल र ५ सय ९६ पक्की पुल निर्माण भएका छन् । पहिचान भएका १ सय ४३ तुइनमध्ये २०७७ फागुनसम्म १ सय २९ तुइन झोलुंगेपुलद्वारा विस्थापित भएका छन् ।

सरकारले सन् २०३० सम्ममा ७ लाख किलोमिटर सडक निर्माण गर्ने दीर्घकालीन योजना अगाडि सारेको छ भने आगामी पाँच वर्षभित्र सडक निर्माण, मर्मत सम्भार र स्तरोन्नतिका लागि ८ खर्ब १६ अर्ब खर्च गर्ने निर्णय गरेको छ । सरकारले भर्खरै रणनीतिक महत्वका सडक योजनालाई थप बजेट दिने तयारी गरिरहेको छ । यहाँ भन्नैपर्छ, जति सडक निर्माण भइरहेका छन्, त्यसबाट सन्तुष्ट हुन सकिने अवस्था छैन । 'अबगकभ, नेपालको जतिकै क्षेत्रफल रहेको बंगलादेशमा ३ लाख किलोमिटर सडक निर्माण भइसकेको छ भने नेपालभन्दा आधा सानो श्रीलंकामा पनि ३ लाख किलोमिटर सडक सञ्जाल तयार भइसकेको अवस्था छ । नेपालमा अझै यस्ता भूभाग थुप्रै छन्, जहाँ सडक सञ्जाल जोडिन सकेको छैन ।






# मकवानपुरका पालिकाहरूको ग्रामिण सडकमा उस्तै जोखिम

◆ विकास संवाददाता

मकवानपुरका दूरदराजका गाउँ मोटरबाटोले जोडिएका छन् । कतिपय गाउँ सडकले डेढदशक अगाडिनै जोडिएका थिए भने कतिपय हालसालै जोडिएका छन् । कतिपय गाउँ भने जोडिने क्रममा छन् । मकवानपुरको जिल्ला सदरमुकाम हेटौंडा बजार आसपासका गाउँपालिकामा सडक पक्की बनेका छन् । गाउँपालिका पुग्ने र वाक्लो वस्ती भएका गाउँका सडक पक्की भएका छन् । मकवानपुरको हेटौंडा उपमहानगरपालिकाकै केही वडाका विकट गाउँमा सडक पक्की हुन सकेको छैन । थाहा नगरपालिकाका विकट गाउँमा पनि उस्तै हालत छ ।

मकवानपुरको भीमफेदी गाउँपालिका, इन्द्रसरोवर गाउँपालिका, मनहरी गाउँपालिका, मकवानपुरगढी गाउँपालिका, बकैयाँ गाउँपालिका, बागमती गाउँपालिका र मनहरी गाउँपालिकाका केही सडक पक्की भएपनि विकट गाउँका सडक निकै कच्ची रहेका छन् । जिल्लाको राक्सिराङ गाउँपालिका र कैलाश गाउँपालिकाका धेरै सडक कच्ची छन् । ओहोर दोहोर गर्नका लागि स्थानीय वासिन्दाहरूले निकै सास्ती खेप्नुपरेको बताउँछन् ।

मकवानपुरका दुर्गम गाउँ त्यसमाथि साँघुरो र जोखिमपूर्ण सडकका कारण दुर्घटनाको जोखिम उच्च छ । कच्ची सडकहरूमा पनि ट्याक्टर र अटो त गुढेका छन् तर, निकै जोखिम रहेको मकवानपुरगढी ५ का स्याम बहादुर स्याङ्तान बताउँछन् ।

मकवानपुरका बिकट गाउँका स्थानीयवासीले सडकको स्तरोन्नतिको माग गर्दै आए पनि अहिलेसम्म सुनुवाइ नभएको गुनासो छ । सडकको दुरवस्थाका कारण स्थानीयवासी जोखिम मोलेरै यात्रा गरिरहेका छन् । गाउँमा सीमित सवारी साधान चल्ने हुँदा स्थानीय जोखिम मोल्न बाध्य भएको राक्सीराङ र कैलाश गाउँपालिकाका वासिन्दाहरू बताउँछन् । केही वर्ष अगाडि नागरिकको सुविधाको लागि सडक खुले पनि स्तरोन्नतिमा सरोकारवाला स्थानीय र प्रदेश सरकारको ध्यान नपुगेको कारण समस्या बेहोर्नुपरेको स्थानीय नागरिकहरू बताउँछन् । सडक अप्ठ्यारो हुँदा सहज र समयमै गन्तव्यमा पुग्न नसकिने हुन्छ ।

सडक राम्रो नहुँदा र ढुवानी महगो हुँदा गाउँमा उत्पादन हुने कृषि उपज वस्तु बजार पुऱ्याउन पनि साह्रै समस्या भएको कैलाशका राम बहादुर लो भन्छन्– 'दुर्गम गाउँ भए पनि धेरै वर्ष अगाडि यहाँ सडक आएको थियो, सडकले हामीलाई धेरै राहत दियो तर अहिलेसम्म स्तरोन्नति हुन नसक्दा धेरै दुःख पनि पाइएको छ, हामीले सरकारलाई धेरै पटक यो सडक बनाउनका लागि माग गऱ्यौं तर अहिलेसम्म सुनुवाइनै भएन, बजार गएर आउन एक दिन पूरै लाग्छ, सामान ढुवानीमा उस्तै समस्या, भाडा पनि महँगो तिर्नुपर्ने अवस्था छ, बाटो सजिलो हुन्थ्यो भने यात्रा गर्न र सामान ढुवानीमा सुविधा हुने थियो ।'

# इन्द्रसरोवरको होटलका खुत्रुकेको बचत विद्यार्थीलाई सहयोग

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२ देउरालीका व्यवसायीहरूले आफ्नो होटल तथा किराना पसलमा खुत्रुकेमा संकलन गरेको रकम विपन्न विद्यार्थी र आर्थिक रूपमा कमजोर विद्यालयलाई सहयोग गर्ने भएका छन् । हेटौंडा-कुलेखानी-काठमाडौं सडकको किराना पसलमा पुग्ने यात्रुले इच्छा अनुसार राख्ने बताउँदै वडाध्यक्ष श्रेष्ठले व्यवसायीहरूले दिनको एक कप चियाको २० रूपियाँले दरले खुत्रुके खोल्ने दिनसम्मको गणना गरी खुत्रुके खोल्ने दिनमा नगदै राख्ने गरेको बताए । स्थानीयले खेलकुदमा लागि पाँच हजार रूपियाँ सहयोग गरेको भन्दै वडाध्यक्ष



देउराली क्षेत्रका आठ वटा होटल तथा किराना पसलमा राखिएको खुत्रुकेमा संकलन भएको ४८ हजार ४३५ रूपियाँ आर्थिक पालिकाभित्रमा विद्यालयमा सहयोग गर्ने भएका हुन् ।

इन्द्रसरोवर गाउँपालिका-२ का वडाध्यक्ष सुमन श्रेष्ठले गत असार यता छ महिनाको अवधिमा संकलन भएको उक्त रकम विद्यालयलाई कम्प्युटर खरिद गर्न वा आर्थिक रूपमा विपन्न विद्यार्थीलाई कापी कलम खरिदमा सहयोग गर्ने बारेमा सल्लाह गरी निर्णय गरिने बताए । खुत्रुकेमा होटल तथा श्रेष्ठले भने, देउराली टोलसुधार समितिको अगुवाइमा भएको खुत्रुके अभियानमा स्थानीय तरकारी सहित अन्य व्यवसायी समेतले सहभागी हुन इच्छा देखाएका छन् ।

यसअघि देउराली टोलसुधार समितिको अगुवाइमा संकलन ४८ हजार आठ सय रूपियाँ पालिकाको वडा नंम्बर २ खानीखेतस्थित पञ्चकन्या माध्यमिक विद्यालयबाट माध्यमिक विद्यालय परीक्षा दिने विद्यार्थीहरूको प्रोत्साहन एवम् खान बस्ने सहजताको लागि प्रदान गरिएको थियो ।

# हेटौंडा: २२ करोड बजेट बढ्यो, राजश्व संकलन उत्साहजनक

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले चालू आर्थिक वर्षको बजेटको आकार वृद्धि गरेको छ । चालू आर्थिक वर्षको बजेट संशोधन गर्दै हेटौंडा उपमहानगरले २२ करोड दुई लाख ५५ हजार रूपैयाँ वृद्धि गरेर दुई अर्ब ९० करोड ६२ लाख ६५ हजार रूपैयाँ पुऱ्याएको छ । यसअघि गत असारमा नगरसभाले दुई अर्ब ६८ करोड ६० लाख १० हजार रूपैयाँको बजेटमा पारित गरेको थियो। शनिबार १४औं नगरसभामा उपप्रमुख राजेश बानियाँले संशोधनसहितको बजेट पेस गरेका थिए ।

सभाले संशोधित बजेट पारित गरेको छ । उपप्रमुख बानियाँले आन्तरिक राजस्व संकलनमा देखिएको प्रगतिको आधारमा चालू आर्थिक वर्षको बजेट संशोधन गरी वृद्धि गरिएको बताए। प्रमुख बानियाँका अनुसार चालू आर्थिक वर्षको हालसम्मको अवधिमा आयतर्फ संघीय सरकार समानीकरण तथा ससर्त अनुदानतर्फ ५५ करोड २३ लाख ३५ हजार रूपैयाँ, समपूरक अनुदानतर्फ २३ लाख ७५ हजार रूपैयाँ, विशेष अनुदान ८७ लाख ५० हजार हजार रूपैयाँ, प्रदेश सरकार समानीकरण, ससर्त र समपूरक अनुदान गरी पाँच करोड ६४ लाख ६९ हजार रूपैयाँ प्राप्त भएको छ ।

यस्तै, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटतर्फ ११ करोड ११ लाख ४८ हजार रूपैयाँ, उपमहानगरपालिकाको आन्तरिक स्रोत तथा अल्या आम्दानीसमेत गरी हालसम्म जम्मा ७४ करोड २ लाख ५ हजार रूपैयाँ प्राप्त भएको उनले बताए। चालू आर्थिक वर्षको ६ महिनाको राजस्व संकलन लक्ष्यअनुसार भइरहेको जानकारी दिँदै उपप्रमुख बानियाँले चालू आर्थिक वर्षको लागि कुल ३० करोड ९४ लाख राजस्व लक्ष्य राखेकोमा १५ पुससम्म १५ करोड ४५ लाख रूपैयाँ रकम संकलन भएको बताए। उनले गत आर्थिक वर्षको यसै अवधिको तुलनामा चालू आर्थिक वर्ष आठ प्रतिशतले राजस्व संकलन वृद्धि भएको उल्लेख गरे ।

उपप्रमुख बानियाँले पूर्वाधार क्षेत्रतर्फ नगरस्तरीय ६२ आयोजना र वडास्तरीय नौ सय ५६ आयोजना गरी जम्मा एक हजार ११८ योजना रहेकोमा नगरस्तरीय १५ वटा आयोजना र वडास्तरीय दुई सय १७ वटा योजना सम्झौता भएको जानकारी दिए। सम्झौता भएका योजनामध्ये ३२ वटा सम्पन्न भएको र अन्य नौ सय ८६ वटा आयोजना कार्यान्वयनको चरणमा रहेको उनले बताए । उनका अनुसार गत आर्थिक वर्षको जिम्मेवारी सरी आएका योजनाहरूमध्ये एक सय १० वटा योजनाहरू सम्पन्न भइसकेका छन् ।

# साहित्यकार बिर्खे अञ्जानलाई सम्मान घोषणा

◆ विकास संवाददाता

नेपाली साहित्य क्षेत्रमा विगत लामो समयदेखि क्रियाशील मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ का बिर्खे अञ्जानलाई इन्दिरादेवी स्मृति मुक्तक सम्मान २०८० समर्पण गर्ने घोषणा गरिएको छ । प्रलेस मकवानपुरका अध्यक्ष श्रीराम अधिकारीद्वारा आफ्नो हजुरआमाको स्मृतिमा स्थापित सो सम्मानको राशि नगद ५ हजार ५ सय ५५ रूपैयाँ रहेको छ ।

आगामी माघ २७ गते हुने मुक्तक मञ्च मकवानपुरको दोस्रो बार्षिक उत्सव तथा पहिलो अधिवेशनबाट नयाँ कार्य समिति चयन गर्दै मुक्तक विधामा योगदान पुऱ्याउनु हुने बिर्खे अञ्जान सहित ३ जना स्रष्टाहरूलाई सम्मानित गर्ने संस्थाको प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

मुक्तक मञ्च मकवानपुरका अध्यक्ष डिबी बर्तौलाद्वारा आफ्ना पिताको स्मृतिमा स्थापित बहादुरनन्द स्मृति मुक्तक सम्मान २०८० बाट पोखराका मुक्तककार दीपक समीपलाई प्रदान गर्ने भएको छ । उक्त सम्मानको राशि ७ हजार ७ सय ७७ रूपैयाँ रहेको छ ।


हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडाको सार्वजनिक सन्देश
तपाईको घर वा परिवारमा हुने गरेका जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्ध बिच्छेद लगायतका घटनाहरू समयमै सम्बन्धित वडा कार्यालयहरूमा गई दर्ता गराउन हुन समस्त नगरबासीमा अनुरोध गर्दछौं ।
हेटौंडा उपमहानगरपालिका, ११ नम्बर वडा कार्यालय, मकवानपुर

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# सीपलाई व्यवहारमा उर्तान नगर उपप्रमुख गोपालीको आग्रह



◆ विकास संवाददाता

थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले आफुले सिकेको सिपलाई व्यवहारमा उतार्नुपर्ने बताएका छन् । थाहा नगरपालिकामा सहकारीहरूको व्यवस्थापकहरूको चार दिने तालिमको समापन समारोहमा २० पौषमा बोल्दै उपप्रमुख गोपालीले यस्तो बताएका हुन् । उनले चारदिने तालिम उपलब्धिमूलक भएको विश्वास व्यक्त गर्दै, केही सहकारीका कारण जनविश्वास घट्दै गएको उल्लेख गरे ।

थाहा नगरपालिकाको सहकारी शाखाको आयोजनामा नगर भित्र रहेका सहकारीहरूका व्यवस्थापक हरूका लागि बित्तीय साक्षरता सहकारी शिक्षा र कर प्रशासन सम्बन्धि ४ दिने तालीम दिएको थियो । तालिममा नगर भित्र संचालनमा रहेका ४० सहकारी संस्थाहरूको व्यवस्थापकहरूको सहभागिता रहेको थियो । सहभागीहरूलाई पालुङ क्याम्पसका क्याम्पस प्रमुख राजन मिश्र, पालुङ बहुउद्देश्यीय सहकारी संस्थाका व्यवस्थापक प्रकाश पौडेल, थाहा नगरपालिकाका लेखा शाखा प्रमुख अमर बहादुर जिसी, बित्तिय सहजकर्ता मेलिना खत्री र प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले सहजीकरण गरेका थिए ।

समापन कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली ,योजना महाशाखा प्रमुख डम्बर बिश्वकर्मा, नगर प्रमुख प्रेस संयोजक शम्भु अधिकारी, प्रमुख प्रशिक्षक प्रकाश पौडेल, प्रशिक्षक राजन मिश्र लगायतका उपस्तिथि रहेको थियो । कार्यक्रममा सहभागी हरूले नगरले यस्ताखाले तालिमको आयोजना गरिरहे सहकारी हरूको मनोबल वृद्धि हुने बिश्वास व्यक्त गर्दै आगामी दिनमा यस्ता तालिमको निरन्तरताको आवश्यकता औल्याएका थिए ।

# चित्लाङ स्वास्थ्य चौकी भवन निर्माणको समिक्षा



◆ विकास संवाददाता

थाहा नगरपालिकाको वडा नम्बर ९ चित्लाङमा निर्माणाधीन स्वास्थ्य चौकी भवनको प्रगति विवरण तथा कार्य समिक्षा बैठक सम्पन्न भएको छ ।

थाहा नगरपालिका वडा नम्बर ९ का अध्यक्ष राजकुमार बलामीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा थाहा नगरपालिकाका नगर प्रमुख बिष्णु बिष्ट, प्रमुख प्रशासकिय अधिकृत कृष्ण गिरी, च्वाइस नेपालका कन्ट्री डाइरेक्टर प्रतीक शर्मा लगायतका उपस्थिति रहेको थियो । च्वाइस नेपालका जिल्ला संयोजक सुकराम दुलाल, पालुङ टिम लिडर प्रताप घिमिरे, इन्जिनियर प्रकाश श्रेष्ठले सहजीकरण गरेको समिक्षा बैठकमा बोल्दै नगर प्रमुख बिष्णु बिष्टले गुणस्तरी रूपमा समयमा कार्य सम्पन्न गर्न निर्माण सहयोग समिति लाई आग्रह गर्दै, कुनै ब्यक्तिगत लाभमा केन्दि्त हुन नहुने कुरामा जोड दिदै स्वास्थ्य चौकीको दिगो संचालन तथा यसबाट प्रवाह हुने सेवा तथा यसको गुणस्तरमा जोड दिए ।

त्यसैगरी थाहा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत कृष्ण गिरीले भएका समस्याहरू पार लगाउदै समयमा भवन सम्पन्न गरि सेवा प्रदान गर्न थाहा नगरपालिकाको पुर्ण साथ रहेको बताए । च्वाइस नेपालका कन्ट्री डाइरेक्टर प्रतीक शर्माले निर्माणाधीन स्वास्थ्य चौकीको भवन निर्माण समयमा सम्पन्न भए पश्चात् यस बाट प्रदान गरिने सेवा र सुबिधा गुणस्तरीय बनाउन नगरबाट थप योजना बनाउन आग्रह गर्दै डाक्टर वा बिषेशज्ञ सहितको सेवा प्रदान गर्न सक्ने योजना भएमा च्वाइस नेपालको तर्फबाट औजार तथा उपकरणका लागि नया योजना निर्माण गर्न सकिने कुरामा विश्वस्त हुन आग्रह गरे ।

वडा अध्यक्ष बलामीले यस निर्माणका क्रममा देखिएका समस्या तत्काल समाधान गरी बाकी कार्य समयमानै सम्पन्न गर्न पुर्णरूपमा लागि पर्ने जानकारी गराउदै भवनमा अस्पताल तहको सुविधा उपलब्ध गराउन नगर पालिका समक्ष आग्रह गरे । कार्यक्रममा भवन निर्माण समितका अध्यक्षबाट सहयोगि संस्था नगरपालिका तथा स्थानीय सबैलाई धन्यवाद दिएका थिए ।

कूल २ करोड ९ हजार ४७० रूपैयाँ लागतमा निर्माण हुने स्वास्थ्य चौकी भवनको लागि च्वाइस नेपालको १ करोड ५० लाखका साथै बाँकी रकम थाहा नगरपालिका र स्थानीय जनश्रमदानबाट लगानी हुनेछ ।

# थाहानगरका दुई सामुदायिक विद्यालयका बालबालिकालाई न्यानो कपडा वितरण

◆ विकास संवाददाता

लायन्स क्लव अफ काठमाडौं आरम्भ देउरालीले लायन्स क्लव अफ पिस थाहाको व्यवस्थापनमा थाहानगरका दुई सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्राथमिक तहका विद्यार्थी हरूलाई न्यानो कपडा वितरण गरेको छ । थाहा नगरपालिकाको झम्केश्वरी माविमा प्राथमिक तहमा अध्ययनरत ८६ जना विद्यार्थीलाई ट्र्याकसुट सेट र थाहा ४ रूप्सेमा रहेको महांकाल प्रावीका १४ जना विद्यार्थीहरूलाई टूयाकसुट, मोजा, जुत्ता वितरण गरियको हो ।

न्यानो कपडा वितरण कार्यक्रममा लायन्स क्लव अन्तर्राष्ट्रिय ३२५ एमका गभर्नर पिएमजिएफ भिमलाल पौडेल, सेकेन्ड भिडिजी धनिराम बराल,पिएमसिसी गिरीधारी शर्मा,प्रो इन चिफ दिपक खरेल, डिस्ट्रिक चिफ गिता शर्मा, काठमाडौं आरम्भ देउरालीका अध्यक्ष पुर्णीमाया शर्मा, पूर्व अध्यक्षहरू कल्पना घिमिरे,शान्ता पाण्डे,दुर्गा केसी, प्रथम उपाध्यक्ष यामकुमारी रानाभाट, द्वितीय उपाध्यक्ष भगवती सापकोटा,लायन्स क्लव अफ पिस थाहाका २०२२/०२३ अध्यक्ष जयराम खत्री,०२३/०२४ का अध्यक्ष गिता कार्की, संस्थापक अध्यक्ष सुरेन्द्रमान



प्रधान, झम्केश्वरी माबिका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रदिप प्रधान लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रमको अवसरमा आरम्भ देउरालीका संस्थापक अध्यक्ष गीता चापागाईंले आफ्नो क्लवले नियमित रूपले थाहा पिससंग सहकार्य गरि गाउँका विद्यार्थीहरूलाई छात्रवृत्ति दिइने बताउनु भयो । वक्ताहरूले आफ्नो नियमित कमाइको सानो हिस्सा सामाजिक सेवामा लगानी गर्दा एक अर्कामा सहयोगी समेत हुने हुँदा लायन्स क्लवले देशैभरी यसै गरी कार्यक्रम सञ्चालन गर्ने गरेको बताएका थिए । गत वर्ष थाहा ११ र १२ का १३० विद्यार्थीलाई न्यानो पोशाक वितरण गरिएको थियो ।

# लायन्स क्लवको संयुक्त पदस्थापना

◆ विकास संवाददाता

लायन्स क्लव अफ पिस थाहा र लायन्स क्लव अफ धादिङ मलेखु टाउनको पदस्थापन कार्यक्रम थाहानगरमा भएको छ । शिखरकोटको शंकर होटलमा भएको कार्यक्रममा दुबै लायनसको लायन वर्ष २०२३/०२४ को लागि निर्वाचित पदाधिकारीको २० पौषमा पदस्थापन गरिएको हो ।

लायन्स क्लव अफ पिस थाहाका वर्ष २०२३/०२४ का लागि निर्वाचित अध्यक्ष गिता कार्कीलाई निवर्तमान अध्यक्ष जयराम खत्रीले पद हस्तान्त्रण गरेका थिए भने लायन्स क्लव अफ मलेखु टाउनका लायन बर्ष २०२२/०२३ का अध्यक्ष अजय त्रीपाठीले लायन बर्ष २०२३/०२४ का अध्यक्ष ठन्डराज सिलवाललाई पद हस्तान्तरण गरेका हुन । पदभार ग्रहण गर्दे पिस थाहाका अध्यक्ष गिता कार्कीलेले क्लवलाई सृजनशिल ढंगले अगाडि बढाएर समाजमा पृथक पहिचान दिलाउने प्रतिवद्धता जनाइन् ।

कार्यक्रममा निर्वतमान अध्यक्ष जयराम खत्रीको सभाध्यक्षतामा सम्पन्न पदस्थापना कार्यक्रममा प्रमुख अतिथी लायन्स क्लव अन्तर्राष्ट्रिय ३२५ एमका गभर्नर पिएमजिएफ भिमलाल पौडेल तथा विशिष्ट अतिथी थाहा नगर उपप्रमुख भरत गोपालीको रहेको थियो ।

कार्यक्रममा सेकेन्ड भिडिजी धनिराम बराल, पिएमसिसी गिरीधारी शर्मा, प्रो इन चिफ दिपक खरेल, डिस्ट्रिक चिफ गिता शर्मा, काठमाडौं आरम्भ देउरालीका अध्यक्ष पुर्णीमाया शर्मा, पुर्व अध्यक्षहरू कल्पना घिमिरे, शान्ता पाण्डे, दुर्गा केसी, प्रथम उपाध्यक्ष यामकुमारी रानाभाट, द्वितीय उपाध्यक्ष भगवती सापकोटा, लायन्स क्लव अफ पिस थाहाका संस्थापक अध्यक्ष सुरेन्द्रमान प्रधान, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकाललगायत लायन्स क्लव अफ मलेखुका पदाधिकारीहरू, लायन्स क्लव थाहाका पुर्व अध्यक्षहरू २०२३/०२४ का पदाधिकारीहरूको लगायतका उपस्थिती रहेको थियो । कार्यक्रम लायन बर्ष २०२३/०२४ का सचिव निरज रायमाझीको संचालनमा सम्पन्न भएको थियो ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा
जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## बागमती प्रदेश भ्रमण वर्ष, २०२४ को शुभारम्भ

◆ विकास संवाददाता

बागमती प्रदेश भ्रमण वर्ष, २०२४ को शुभारम्भ गरिएको छ । प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयले आजबाट पर्यटन वर्षको सुरूवात गरिएको जानकारी दिइएको हो । हेटौंडामा पत्रकार सम्मेलन गर्दै यो वर्ष धेरै भन्दा धेरै पर्यटक भित्र्याएर मुलुकमा समृद्धी ल्याउन टेवा पुर्याउने प्रदेशका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री पुकार महर्जनले बताए ।

पर्यटनका लागि बजेट कम रहेपनि माग भइरहेको उनले बताए । पर्यटन प्रवर्द्धनका लागि विभिन्न कार्यक्रमहरू गरिने र यसको प्रचार प्रसारमा व्यापकता दिइने मन्त्रालयका सचिब गोविन्द रिजालले बताए ।

सँास्कृतिक सम्पदाको विविधता, मनोरम प्राकृतिक परिदृश्य र ऐतिहासिक महत्व बोकेको बागमती प्रदेशमा विद्यमान पर्यटकीय स्थल र सम्भावनाहरूको पहिचान, संरक्षण, सम्बर्धन र प्रचार प्रसार गरी पर्यटकीय गतिविधिहरूलाई अभिवृद्धि गर्ने र सो को माध्यमबाट बागमती प्रदेशका पर्यटकीय स्थलहरूमा पर्यटक आवागमन बढाउदै अर्थतन्त्रलाई समेत गतिशिल बनाउने उद्देश्य राखेर पर्यटन वर्षको आयोजना गरिएको सचिब रिजालले बताए । देशको मध्य भागमा अवस्थित बागमती प्रदेशको आफ्नो मौलिक पहिचान समेत रहेको छ ।

## हेटौंडामा बृहत खेलकुद महोत्सवको समापन

◆ विकास संवाददाता

हेटौंडाको टिसिएन चौरमा आयोजना भएको बृहत् खेलकुद तथा व्यापार महोत्सवको समापन गरिएको छ । मकवानपुर जिल्ला खेलकुद विकास समितिले औद्योगिक शान्ति नेपाल संस्थासँगको सहकार्यमा पुष ५ गतेबाट सञ्चालन भएको महोत्सव १८ पुसमा सकिएको हो ।

केही विवाद र रस्साकस्सी बीच हेटौंडामा सुरू भएको खेलकुद तथा व्यापार महोत्सव सबैको सहयोगबाट सम्पन्न भएको आयोजक खेलकुद विकास समितिका अध्यक्ष भेष खड्कीले जानकारी दिए । महोत्सवमा एथ्लेटिक्स, ब्याड्मिन्टन, तेक्वान्दो, महिला फुटबल, राष्ट्रिय तेक्वान्दो, क्युकोसिन, आइटिएफ, राष्ट्रिय उसु, हक्की, महिला राष्ट्रिय भलिबल, रेस्लिङ र कबड्डी प्रतियोगिता सञ्चालन भएको थियो ।

महोत्सवमा ४० जना भन्दा बढी राष्ट्रिय तथा स्थानीय कलाकारले दैनिक प्रस्तुती दिएका थिए । बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा महोत्सव समापन भएको हो । खेल क्षेत्रको विकास गर्ने उद्देश्यसहित आयोजित महोत्सव सफलतापूर्वक सम्पन्न भएको भन्दै उनले आयोजकलाई धन्यवाद ज्ञापन गरिन् । उद्देश्य अनुरूपको काम गर्न अनुरोध गर्दै उनले खेलसहित जिल्लाको विकासका लागि आफ्नो तर्फबाट गर्नुपर्ने भूमिका निर्वाह गर्न कुनै कसर बाँकी नराख्ने उनको प्रतिबद्धता रहेको थियो । खेलकुद क्षेत्रको विकासका लागि योजनाबद्ध काम गर्न उनले खेल सम्बद्ध संघसंस्थाका प्रमुख प्रतिनिधिहरूलाई अनुरोध समेत गरिन् ।

आयोजक खेलकुद विकास समितिका अध्यक्ष खड्कीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका १ नम्बर वडा अध्यक्ष एवम् प्रवक्ता सविन न्यौपाने, बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्य एवम् खेलकुदका पूर्व अध्यक्ष माधव तिमल्सिना, नेपाल बक्सिङ महासंघका केन्द्रीय उपाध्यक्ष सविन भट्टाचार्यलगायतले महोत्सवमा सहयोग गर्ने सबैलाई धन्यवाद दिए ।

जाडो मौसममा हुने सवारी दुर्घटनाको जोखिमबाट बचौं !

- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- हुस्सु, कुहिरो, शीतलहरको बेला बत्ति बालेरमात्र सवारी साधन चलाऔं ।
- सवारी साधन चलाउँदा मादक पदार्थ सेवन नगरौं ।
- सवारी चालकले मादक पदार्थ सेवन गरेको शंका लागेमा प्रहरीको नि:शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बालअधिकारप्रति संवेदनशील बनौं ।

- माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन् ।
- बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकास र सहभागिताको अधिकारको सुनिश्चित गरौ, गराऔं ।
- बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावक लगायत सबै संवेदनशील बनौं ।

बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं ।

हेटौडा उपमहानगरपालिका
३ नंम्बर वडा कार्यालय
बसामाडी, हेटौडा, मकवानपुर

कृषकहरुका लागि जनहितमा जारी सन्देश



- कृषि तथा पशु बिमा गरौं, व्यवसायमा हुने जोखिमबाट बचौं ।
- कृषिमा विषादी न्यूनीकरण गर्न आइपीएम प्रणाली अपनाऔं ।
- बेलाबेलामा खेतबारीको माटो परिक्षण गराई खेतिपाती गरौं ।
- घाँसमा आधारित पशुपालन गरौं, उत्पादन लागत घटाऔं ।
- जैविक र प्राङ्गारिक खेतीमा जोड दिऔं, उत्पादन बढाऔं ।
- घरपालुवा कुकुर र बिरालोलाई नियमित खोप लगाऔं, रेबिजबाट बचौं ।
- पशुलाई ६/६ महिनामा जुकाविरुद्ध औषधि खुवाऔं, पशुजन्य उत्पादन बढाऔं ।
- पशुलाई कुनै रोग लागेमा उपचारका लागि नजिकैको पशुसेवा केन्द्रमा सम्पर्क गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी